आज मिति २०७६ साल जेष्ठ २० गते सोमबारका दिन दिनको १२.१५ बजे देखि मिथिला नगरपालिकाका प्रमुख श्री हरिनारायण महतो ज्यूको अध्यक्षतामा निम्न अनुसारका उप-प्रमुख, वडा अध्यक्ष तथा कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसी नेपालको संविधानको धारा २१४ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को क्षेत्राधिकार भित्र रही तपसिल अनुसारको प्रस्तावहरुमा छलफल भई तपसिल अनुसारका निर्णय गरियो ।

| सि.न | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | हरि नारायण महतो | |
| २ | उप प्रमुख | तारा कुमारी बस्नेत | |
| ३ | वडा अध्यक्ष (१) | लक्ष्मी महतो | |
| ४ | वडा अध्यक्ष (२) | विहारी महतो | |
| ५ | वडा अध्यक्ष (३) | राम एकवाल महतो | |
| ६ | वडा अध्यक्ष (४) | विष्णुहरि खदाल | |
| ७ | वडा अध्यक्ष (५) | श्यामबाबु यादव | |
| ८ | वडा अध्यक्ष (६) | भक्त वहादुर बलम्पाकी | |
| ९ | वडा अध्यक्ष (७) | युबराज उप्रती | |
| १० | वडा अध्यक्ष (८) | देवनारायण महतो | |
| ११ | वडा अध्यक्ष (९) | दिपकजंग थापा | |
| १२ | वडा अध्यक्ष (१०) | सविन विक्रम थापा | |
| १३ | वडा अध्यक्ष (११) | वेद वहादुर कार्की | |
| १४ | कार्यपालिका सदस्य | जहरी देवी महतो | |
| १५ | ,, ,, | ठेट कुमारी दहाल | |
| १६ | ,, ,, | रेणु हेन्जन | |
| १७ | ,, ,, | सीता भित्रीकोटी | |
| १८ | ,, ,, | अनिता परियार | |
| १९ | ,, ,, | राजदेव ठाकुर | |
| २० | ,, ,, | गुलाब ठाकुर | |
| २१ | ,, ,, | देवी वहादुर तोलांगे | |
| २२ | प्रमुख प्रशासकीय अधिकृत | राम कुमार कार्की | |
| | | **सहयोगी कर्मचारीहरु** | |
| १ | | | |
| २ | | | |
| ३ | | | |

80.

## मिथिला नगरपालिका
## कार्यपालिका बैठक

मिति२०७६।०२।२० गते सोमबार ।

**वैठकका प्रस्तावहरु**

१. नगर सभा तयारी सम्वन्धमा ।

२. नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान र राजस्व बाँडफाँड बारेमा जानकारी सम्वन्धमा ।

३. आ.व. २०७६।०७७ सबै योजना तथा कार्यक्रम सम्पन्न गर्ने सम्वन्धमा ।

४. नगर कार्यपालिका र वडा कार्यालयमा कार्यरत कर्मचारीहरुलाई प्रोत्साहन भत्ता दिने सम्वन्धमा ।

५. मिथिला नगरपालिका वडा नं. २ बस्ने सीताराम महतो कोईरीको छोरा राज कुमार महतोको घरमा मिति २०७६।१।३१ गते आगलागी भएकोले राहत उपलब्ध गराउने सम्वन्धमा ।

६. कार्यपालिकाको वैठक बस्ने मिति तोक्ने सम्वन्धमा ।

७. ट्रामा सेन्टरको लागि जग्गा उपलब्ध गराउने र भवन निर्माणको ईजाजत दिने सम्वन्धमा ।

८. कर्मचारी दरवन्दी मिलान सम्वन्धमा ।

९. राष्ट्रपति चुरे तराई मद्येश संरक्षण विकास समितिका कार्यक्रम सम्वन्धमा ।

१०. साविक स्थानीय निकायबाट स्थायी नियुक्ती प्राप्त गरेका तपसिलका कर्मचारीहरुलाई समायोजन पत्र दिने सम्वन्धमा ।

हरि नारायण महतो
नगर प्रमुख

४१.

**<u>निर्णयहरु</u>**

**१. आ.व. २०७६/०७७ को बजेट तथा कार्यक्रम तयारीको लागि तपसिल अनुसारको कार्यतालिका अनुसार कार्यक्रम गर्ने गरी नगर सभा सम्पन्न गर्ने निर्णय गरियो।**

तपसिल

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | मिति | | समय | कार्यन्वयन स्थल |
|---|---|---|---|---|---|
| | | देखि | सम्म | | |
| १ | वित्तीय हस्तान्तरण तथा मार्गदर्शन प्राप्ती<br>आय व्ययको प्रक्षेपण संघ र प्रदेशबाट बजेट सिमा प्राप्ती | प्राप्त भएको | | | नगरपालिका |
| २ | स्थानीय राजस्व परामर्श समितिको वैठक | २०७६/३/१ | | दिउसो ३.०० बजे | नगरपालिका |
| ३ | क. स्रोत अनुमान तथा कूल बजेट सिमा निर्धारण समितिको वैठक<br>ख. विषयगत शाखा/वडाहरुलाई बजेट सिमा बारे जानकारी | २०७६/३/२<br>२०७६/३/२ | | विहान ८.०० बजेट<br>सोही दिन | नगरपालिका |
| ४ | लक्षितवर्ग/वालवालिका/महिला लगायत सरोकारवाला सहितको वस्ती/टोलस्तरबाट योजना छनौट | भई रहेको र २०७६/३/३ | भई रहेको र २०७६/३/४समेत | विहान ८ बजे देखि वेलुका ५ बजे सम्म | वडाका टोल वस्तीहरुमा |
| ५ | क. वडास्तरीय योजना प्राथमिकीकरण<br>ख.वडाबाट छनौट भएका योजना न.पा.मा पेश गर्ने | २०७६/३/५<br>२०७६/३/६ | २०७६/३/५ | दिनभर<br>विहान १०.३० भित्र | वडा कार्यालय<br>न.पा. |
| ६ | क. विषयगत समिति र सहयोगी संघ संस्था सहितको एकिकृत बजेट तथा कार्यक्रम तर्जुमा<br>ख. योजना नगर कार्यपालिकामा सिफारिश | २०७६/३/७<br>सोही दिन | २०७६/३/७<br>सोही दिन | विहान ८ बजे देखि वेलुका ७ बजे सम्म | नगरपालिका |
| ७ | नगर कार्यपालिकामा बजेट तथा कार्यक्रम बारे छलफल तथा स्वीकृति | २०७६/३/८ | २०७६/३/८ | विहान ८ बजे देखि वेलुका ७ बजे सम्म | नगरपालिका |
| ८ | नगर सभा प्रारम्भ/बजेट तथा कार्यक्रम माथि छलफल तथा स्वीकृति | २०७६/३/१० | ऐ. २५ गते सम्म | समय १.०० बजे प्रारम्भको दिन | राधाकृष्ण मन्दिर सभा हल |

**२. आ.व. २०७६।०७७ को लागि नेपाल सरकार, अर्थ मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नं. २ बाट हस्तान्तरण हुने वित्तीय समानीकरण, सशर्त, राजस्व वाँडफाँडको तपसिल अनुसार रहेको जानकारी प्राप्त भयो ।**

नेपाल सरकार, अर्थ मन्त्रालय

वित्तीय समानीकरण अनुदान- १४,३७ लाख

राजस्व वाँडफाँड- ११,१४ लाख

सशर्त अनुदान -१७२४ लाख

प्रदेश सरकार

वित्तीय समानीकरण अनुदान- ७५२७ हजार

सवारी साधन कर वाँडफाँड- ६८५१ हजार

**३. दोस्रो नगरसभा, तेस्रो नगर सभा (हिउदे अधिवेशन), विशेष नगर सभाबाट स्वीकृत आ.व. २०७६।०७७ को योजना तथा कार्यक्रमहरु, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन**

४२.

हरि नारायण महतो
नगर प्रमुख

सीता

मन्त्रालय, सडक बोर्ड, नेपाल, प्रदेश सरकार र राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति समेतबाट प्राप्त सबै योजना तथा कार्यक्रमहरु तदारुकताका साथ समयमा नै सम्पन्न गर्ने ।

४. यस कार्यालयमा कार्यरत कर्मचारीहरुले कार्यालय तथा वडामा साझ विहान र विदाको दिन समेत काम गर्ने भएकोले नगर कार्यपालिकाको हकमा नगर प्रमुखले तोके बमोजिम र वडाको हकमा वडा अध्यक्षको सिफारिशमा तोकिए बमोजिम प्रोत्साहन भत्ता दिने।

५. मिथिला नगरपालिका वडा नं. २ बस्ने सीताराम महतो कोईरीको छोरा राज कुमार महतोको घरमा मिति २०७६।१।३१ गते आगलागी भएकोले विपद् व्यवस्थापन कार्यविधि र नगर प्रमुखको तोक आदेश अनुसार राहत दिने।

६. यस अगाडी मासिक रुपमा २ पटक कार्यपालिकाको वैठक बस्दै आएकोमा अव देखि हरेक महिनाको १६ गते र सो दिन विदा परेमा सो दिनको भोली पल्ट मासिक रुपमा एक पटक कार्यपालिकाको वैठक बस्नेछ ।

७. ट्रामा सेन्टरको लागि जग्गा उपलब्ध गराउने र भवन निर्माणको ईजाजत दिन माग भई आएकोले मिथिला नगरपालिका वडा नं.७ मा जग्गा उपलब्ध गराउन सिफारिश गर्ने र भवन निर्माण ईजाजत माग भई आएमा नियमानुसार ईजाजत दिने।

८. यस कार्यालयको स्वीकृत दरवन्दीमा टयाक्टर चालक संख्या-५ र सरसफाई कर्मचारीको दरवन्दी संख्या- ५ थप कायम गर्ने ।

९. राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिको संचालित योजना तथा कार्यक्रमका बारेमा जानकारी प्राप्त भयो ।

१०. साविक स्थानीय निकायबाट स्थायी नियुक्ती प्राप्त गरेका तपसिल अनुसार यस कार्यालयमा कार्यरत कर्मचारीहरुलाई समायोजन पत्र दिई सो को जानकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्तालयलाई दिने।

तपसिल

१. सत्यमान थिंगलाई सहायक पाँचौमा ।
२. प्रदीप खडकालाई सहायक पाँचौमा ।
३. गया प्रसाद गुप्तालाई सहायक पाँचौमा ।
४. शिव शंकर प्रसाद सिंहलाई सहायक पाँचौमा ।
५. आनन्द कुमार अधिकारीलाई सहायक पाँचौमा ।
६. सत्रुधन महतोलाई सहायक चौथोंमा ।
७. उपेन्द्र महतोलाई कार्यालय सहयोगीमा ।
८. बेचन महतोलाई कार्यालय सहयोगीमा ।

नगर प्रमुख

४२.